**Soaltee Hotel Limited**

★ ★ ★ ★ ★

# ४०औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण

## (माइन्यूट)

(Minutes)

सोल्टी होटल लिमिटेड काठमाण्डौं




# आर्थिक वर्ष २०७०/७१

२०७१ पौष २७ गते

(११ जनवरी २०१५)

**ताहाचल, काठमाण्डौं, नेपाल ।**

Soaltee Hotel Limited
★ ★ ★ ★ ★

२०७१ माघ ५
(१९ जनवरी २०१५)

**श्री आदरणीय शेयरधनी महानुभाव,**

सोल्टी होटल लिमिटेडको मिति **२०७१ साल पौष २७ गते** तद्नुसार ११ जनवरी २०१५, आइतबारका दिन बिहान १०.३० बजे, **श्री सोल्टी क्राउन प्लाजा, मेघा मल्हार सम्मेलनकक्ष, ताहाचल, काठमाडौं नेपालमा** बसेको कम्पनीको **४०औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण** (**माइन्यूट, Minutes**) कम्पनी **ऐन, २०६३ को दफा ७५ को उपदफा** (३) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको निम्ति यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध छ ।

स:धन्यवाद ।

सोल्टी होटल लिमिटेड
काठमाण्डौं

भवदीय,

लिल बहादुर खत्री
कम्पनी सचिव

**संलग्न कागजातहरु :-**

**१. ४०औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट, Minutes)**

P O Box 3800, Tahachal, Kathmandu, Nepal, Telephone:- +977-1-4272567, 4273999, Fax:- +977-1-4272201, 4272206 Email: shl@soaltee.com.np
सोल्टी होटल लिमिटेड रजिष्टर्ड अफिस ताहाचल, काठमाडौं
कम्पनी दर्ता न. ९६/०३२

# सोल्टी होटल लिमिटेड
# ४०औं वार्षिक साधारण सभाको
# काम कारबाहीको विवरण (माइन्यूट)

## १ वैधानिक सभा

सोल्टी होटल लिमिटेडको २०७१ मंसिर १ गते (१७ नोभेम्बर २०१४) सोमबारका दिन बसेको संचालक समितिको १९६औं बैठकको निर्णय, कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस कम्पनीको ४०औं वार्षिक साधारण सभा कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको सभापतित्वमा निम्न मिति, स्थान, र समयमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भई सुसम्पन्न भयो ।

## २ सभाको मिति, स्थान र समय

**मिति :** २०७१ साल पौष २७ गते तद्नुसार ११ जनवरी २०१५, आइतबारका दिन ।

**स्थान :** सोल्टी क्राउन प्लाजा, मेघा मल्हार सम्मेलनकक्ष, ताहाचल, काठमाडौं ।

**समय :** बिहान १०.३० बजे प्रारम्भ भई दिउसो १.०० बजे सम्पन्न भएको ।

## ३ सभाको सूचना

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्था बमोजिम कम्पनीको ४०औं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरु सहित सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीको ४०औं वार्षिक साधारण सभा सम्बन्धी प्रारम्भिक सूचना सहितको शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्बन्धी सूचना कारोबार राष्ट्रिय दैनिकमा २०७१ मंसिर ५ गते तद्नुसार २१ नोभेम्बर २०१४ शुक्रबारका दिन प्रकाशित गरिएको थियो ।

४०औं वार्षिक साधारण सभाको मिति, स्थान, समय र छलफलका विषयहरु सहित अन्य जानकारीहरु समाबेश रहेको बिस्तृत सूचना प्रथम पटक कारोबार राष्ट्रिय दैनिकमा मिति २०७१ मंसिर २३ गते तद्नुसार ९ दिसम्बर २०१४ मंगलबारका दिन प्रकाशित गरिएको र सो सम्बन्धी सूचना दोश्रो पटक सोहि राष्ट्रिय आर्थिक कारोबार दैनिकमा मिति २०७१ पौष ३ गते तद्नुसार १८ दिसम्बर २०१४ बिहिबारका दिन प्रकाशित गरिएको थियो ।

यसैगरी, शेयरधनी महानुभावहरुलाई कम्पनीको शेयरधनी दर्ता किताबमा कायम रहेको सम्बन्धित ठेगानामा ४०औं वार्षिक साधारण सभा सम्बन्धी बिस्तृत सूचना, सामान्य जानकारी तथा आवश्यक कागजातहरु, छलफलका विषयहरु र कम्पनीको आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को वार्षिक आर्थिक विवरणहरु समावेश रहेको कम्पनीको ४०औं वार्षिक प्रतिवेदन २०७०/०७१ शेयरधनी महानुभावहरुको जानकारी एवं सूचनार्थ निर्दिष्ट समय भित्र हुलाक र कुरियर बाट कम्पनीको रेकर्डमा उपलब्ध ठेगानाहरुमा सम्प्रेषित गरिएको थियो ।

## ४ छलफलको विषय

### (क) सामान्य प्रस्ताव

१. संचालक समितिको आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन उपर छलफल गरी पारित गर्ने ।

सोल्टी होटल लिमिटेड
काठमाण्डौं

३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को नाफाबाट शेयर धनीहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको १७.८९४७३६८४ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) का लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक पारित गर्ने ।

५. कम्पनीको सञ्चालक समितिबाट सिफारिश भए बमोजिम कार्यकारी अध्यक्षको पारिश्रमिक तथा सुविधाहरु पारित गर्ने ।

६. कम्पनीका संचालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्ने ।

**(ख) विषेश प्रस्ताव**

७. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई ४० प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक ५ कित्ता चुक्ता शेयर बराबर २ कित्ताका दरले बोनस शेयर वितरण गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजीलाई बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

**(ग) विविध**

८. विविधः अध्यक्षको आज्ञानुसार ।

५ उपस्थिति

**१ कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम संचालकहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| १ | श्री दिनेश बहादुर बिष्ट | कार्यकारी अध्यक्ष |
| २ | श्री निरन्जन कुमार टिवरेवाला | संचालक |
| ३ | श्री शशी राज पाण्डे | संचालक |
| ४ | श्री डा. प्रभा बस्नेत | संचालक |
| ५ | श्री राजिव शर्मा | संचालक |
| ६ | श्री बिजय बहादुर श्रेष्ठ | संचालक |
| ७ | श्री रवि भक्त श्रेष्ठ | संचालक |
| ८ | श्री राजेश काजि श्रेष्ठ | संचालक |
| ९ | श्री राम हरी शर्मा सेढाई | संचालक |

**२ कम्पनीका पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १ | श्री नलिन मन्दिरत्ता | महाप्रबन्धक, सोल्टी क्राउन प्लाजा, काठमाडौं । |
| २ | श्रीमती दुर्गा श्रेष्ठ | मुख्य लेखापाल |
| ३ | श्री लिल बहादुर खत्री | कम्पनी सचिव |
| ४ | श्री कोमल प्रकाश घिमिरे | बरिष्ठ अधिवक्ता, कानूनी सल्लाहकार |
| ५ | सि ए श्री शशी सत्याल | लेखापरीक्षक, प्रबन्ध साझेदार, टि आर उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्, काठमाडौं । |

**३. शेयरधनीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १ | कुल शेयरधनीहरुको उपस्थिति संख्या | ६६८ |

सोल्टी होटल लिमिटेड काठमाण्डौं

## ६ गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)

| विवरण | कुल | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | २,५८० | ६६८ | २५.८९ % |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ३०,०८७,०६२ | २४,२२३,०१३ | ८०.५१ % |

## ७ सभाको वैधानिकता

सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित कार्यकारी अध्यक्ष, संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु, कानूनी सल्लाहकार तथा लेखापरीक्षक, उपस्थित कम्पनीका पदाधिकारीहरु एवं समस्त उपस्थित महानुभावहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै, कम्पनीको ४०औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको र ४०औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको उपस्थिती पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या जम्मा ६६८ रहेको र कुल शेयर संख्याको ८०.५१ प्रतिशतको प्रतिनिधित्व भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम ३८ को उपनियम (क) अनुसार साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको प्रमाणित गरि प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

## ८ सभाको सभापतित्व र सभा संचालन

सभाको वैधानिकता पश्चात्, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) र यस कम्पनीको नियमावलीको नियम ३९ मा प्रावधान भए बमोजिम, ४०औं वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले गर्नुहुने जानकारी गराउँदै पूर्वान्ह १०.३० बजे कम्पनीको ४०औं वार्षिक साधारण सभाको काम कारबाही संचालन गर्न सभापतिज्यूलाई हार्दिक अनुरोध गर्नुभयो ।

सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नु हुँदै ४०औं वार्षिक साधारण सभाको काम कार्यबाही अगाडि बढाउनु भयो ।

## ९ अध्यक्षज्यूबाट मन्तब्य

कम्पनीको ४०औं वार्षिक साधारण सभालाई आफ्नो मन्तब्य प्रकट गर्नुहुंदै कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनुभएका संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु, कानूनी सल्लाहकार, लेखापरीक्षक, कम्पनीका पदाधिकारीहरु एवं सम्पूर्ण उपस्थित महानुभावहरुलाई हार्दिक स्वागत गर्नु हुँदै अध्यक्षको मन्तब्य प्रकट गर्नुभयो ।

सभापति श्री दिनेश बहादुर बिष्टज्यूले कम्पनीको समिक्षा आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को कार्यप्रगति तथा व्यावसायिक कारोबारको संक्षिप्त बिश्लेषणात्मक जानकारी साधारण सभा समक्ष प्रस्तुत गर्दै समिक्षा आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्षको तुलनामा कुल कारोबारमा १०.९८ प्रतिशतको अभिबृद्धि सहित कुल आम्दानी लगभग रु. १ अर्ब ४१ करोड हुन पुगेको, होटेलको अक्यूपेन्सी ७१.३३ प्रतिशत, औषत कोठा दर रु. ७,५८३ र आम्दानी प्रति उपलब्ध कोठा रु. ५,४०९ रहेको उल्लेख गर्नु भयो ।

समिक्षा आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) मा कम्पनीको संचालन मुनाफा (ब्याज, ह्रास, व्यवस्था तथा कर अघिको मुनाफा) लगभग रु. ४४ करोड ३३ लाख रही खुद मुनाफा गत आर्थिक वर्षको दांजोमा २९.७२ प्रतिशतले बृद्धि भई कर पश्चात् खुद मुनाफा लगभग रु. २४ करोड ४० लाख रहेको उल्लेख गर्नुभयो ।

विश्व अर्थव्यवस्था सुधारोन्मुख रहेको छ भन्नु हुँदै संयुक्त राष्ट्रसंघ विश्व पर्यटन संगठनको सन् २०१० देखि २०२० सम्मको दश वर्षे दीर्घकालिन प्रक्ष्येपण अनुसार अन्तर्राष्ट्रिय पर्यटनको परिणाम हालसम्म विश्वव्यापी आर्थिक अस्थिरताका बाबजुद पनि पर्यटनमा कुनै गम्भिर प्रतिकुल असर नपरेकोले औषतम वार्षिक ३.८ प्रतिशतले क्रमिक वृद्धि भई रहेको

सोल्टी होटल लिमिटेड काठमाडौं

छ । त्यस्तै, सन् २०१४ मा अन्तर्राष्ट्रिय पर्यटक आवागमनको दीर्घकालिन प्रक्ष्येपणलाई उछिन्दै उक्त संस्थाले हालै प्रकाशित गरेको प्रतवेदनमा विश्व पर्यटक आवागमन ५ प्रतिशले बृद्धि भएको जनाएको छ । यस प्रवृतिलाई अनुसरण गर्दै सन् २०१४ मा विश्वमा अन्तर्राष्ट्रिय पर्यटक आवागमनको कुल संख्या १.१ अरब पुगेको जनाएको छ ।

यस वर्ष अमेरिकी महादेशहरुको पर्यटन आगमन ८ प्रतिशतले बृद्धि भएको र त्यसलाई पछ्याउँदै एशिया तथा प्रशान्त क्षेत्रको ५ प्रतिशतले तथा यूरोपीयन मुलुकहरुको ४ प्रतिशतले पर्यटक आवागमनमा उत्साहजनक वृद्धि भएको तथ्यांक छ । क्षेत्रीय स्तरमा वर्ष सन् २०१४ को प्रथम १० महिना अक्टूबर २०१४ सम्मको अवधिमा पर्यटक आवागमनमा अमेरिकी महादेश र एशिया प्रशान्त सागरीय महादेशका मुलुकहरुले महत्वपूर्ण वृद्धि हासिल गरे ।

नेपालको लागि पर्यटक आउने मुख्य बजारहरु भारत, चीन, अमेरिका, जापान, कोरिया र बेलायत जस्ता प्रमुख पर्यटकीय बजारहरुमा नेपालको पर्यटन प्रति अनुकुल वातावरण बन्दै गएको अनुमान गरिएको छ । काठमाण्डौंका साविक तारे होटेलहरुका लागि आगामी वर्षहरु व्यावसायीक रुपमा निकै चुनौतीपूर्ण हुन सक्ने अनुमान गरिएको छ । हालै नेपालले दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनको (सार्क) १८औं शिखर सम्मेलन काठमाण्डौंमा भव्यातापूर्वक सु-सम्पन्न गऱ्यो । यो सफलताले विश्व पर्यटकीय बजारमा नेपाललाई पर्यटन गन्तब्यका रुपमा पुनः प्रतिस्थापित गर्नमा तरंगीत गर्नुका साथै अन्तर्राष्ट्रिय स्तरमा सकारात्मक सन्देश प्रवाहित गरेको छ ।

होटेलले दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को १८औं शिखर सम्मेलनको अवसरमा दक्षिण एशियाली राष्ट्रहरु अफगानिस्तान, बांगलादेश, भुटान, भारत, मालदिभ्स, नेपाल, पाकिस्तान तथा श्रीलंकाका राष्ट्रप्रमुखहरु तथा अतिविशिष्ट तथा विशिष्ट पाहुनाहरुको आतिथ्यसत्कार गर्ने स्वर्णीम अवसर पाएको उल्लेख गर्दै दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को १८औं शिखर सम्मेलनको अवसरमा होटेलका उत्कृष्ट सेवा प्रदान गर्नु हुने सम्पूर्ण कर्मचारीहरु र उक्त अवसरमा सेवारत तालिमी तथा प्रशिक्षार्थीहरुबाट सार्क शिखर सम्मेलनमा प्रदान गर्नुभएको प्रशंसनीय सेवाकार्यको सम्मानार्थ कदर, सराहना तथा हौसला प्रदान गरी दिनुहुनका लागि कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापतिज्यूले सभा समक्ष गर्नुभएको अनुरोधलाई सहर्ष स्वीकार गर्दै सभाकक्षमा उपस्थित हुनुभएका सम्पूर्ण आदरणीय शेयरधनी महानुभावज्यूहरु, संचालक समितिका सदस्यज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुले होटेलका सम्पूर्ण कर्मचारीहरुलाई उभिएर स्थायी तालीको करतल ध्वनी सहित सराहना कदर “STANDING OVATION" प्रदान गऱ्यो ।

अध्यक्षले सार्क शिखर सम्मेलन आयोजनामा आयोजक राष्ट्र नेपाल सरकारबाट यस होटेललाई आतिथ्य सत्कारको सुअवसर प्रदान गरिएकोमा नेपाल सरकारप्रति हार्दिक कृतज्ञता तथा अभार ब्यक्त गर्नु भयो ।

मुलुकमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सेवामा हाल उत्साहजनक बृद्धि हुने संकेत देखिएकोले नेपाल गन्तव्यतर्फ नयाँ नयाँ एयरलाईन्सहरुको उत्साहपूर्ण आगमन भईरहेको उल्लेख गर्नु हुँदै पर्यटन क्षेत्रको समुचित विकास, विस्तार र अन्तर्राष्ट्रिय पहुंचका लागि देशको आन्तरिक तथा वाह्य यातायातका माध्यम हवाईसेवालाई सुरक्षित, स्तरीय र भरपर्दो रुपमा विकास नितान्त आवश्यक छ भन्नु भयो । भैरहवाको विमानस्थललाई गौतमबुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल तथा पोखराको विमानस्थललाई पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा पुर्ननिर्माण तथा स्तरोन्नति गर्ने कार्य सम्पन्न भए पश्चात् दुबै स्थान लुम्बिनी तथा पोखरामा थप पर्यटकहरुको आगमन भई पर्यटनमा उल्लेख्य वृद्धि हुने अपेक्षा गरिएको छ ।

समीक्षा आर्थिक वर्षमा प्रत्यक्ष वा अप्रत्यक्ष्य रुपले पर्यटन विकास र अभिबृद्धिमा महत्वपूर्ण योगदान प्रदान गरी रहेका देशका सबै क्यासिनोहरुको सञ्चालन बन्द गरिनुबाट पनि पर्यटन उद्योगहरुलाई ठुलो क्षति हुन पुगेको उल्लेख छ ।

चालु आर्थिक वर्ष २०७१/७२ मा कम्पनीको कार्यसम्पादनको सम्बन्धमा, चालु आर्थिक वर्ष २०७१/७२ को साढे चार महिना जुलाई १७ देखी ३० नोभेम्बर २०१४ सम्मको वित्तिय विवरणहरुलाई विश्लेषण गर्दा कम्पनीको कुल आम्दानी गत वर्षको सोहि अवधीको तुलनामा ६.९५ प्रतिशतले वृद्धि भएको छ । सोहि अवधीमा कम्पनीको गत आर्थिक वर्षको कुल आम्दानी ५२ करोड ७४ लाख ४४ हजारको दांजोमा चालु आर्थिक वर्ष २०७१/७२ को सोहि अवधीमा ५६ करोड ४० लाख ९१ हजार कुल आम्दानी भएको छ ।

सोल्टी होटल लिमिटेड
काठमाण्डौं

कम्पनीको चालु आर्थिक वर्षको साढे चार महिनाको अवधि अर्थात जुलाई १७ देखि ३० नोभेम्बर २०१४ सम्म कोठा अक्यूपेन्सि ७०.११ प्रतिशत, औषत कोठा दर ८,११८ रुपैंयां तथा आम्दानी प्रति उपलब्ध कोठा ५,६९२ रुपैंयां रहेको छ ।

कम्पनीले व्यवसायिक रणनितिक योजना, सुदृढ, शसक्त र प्रभावकारी बजार व्यावस्थापनबाट आफ्नो बजार खण्डको अभिबृद्धि गर्दै जाने, प्रभावशाली व्यावसायिक कार्यप्रणालीको माध्यमबाट पर्यटन क्षेत्रका बाह्य विषम परिस्थितिहरुको प्रभाव न्यूनीकरण गर्दै, सुदृढ र सक्षम व्यवस्थापनबाट होटेलका उत्पादन तथा सेवाहरुको स्तरोन्नति गर्ने तथा यस क्षेत्रमा सृजना हुने पर्याप्त अवसरहरुको समुचित सदुपयोग गर्दै कुशल प्रबन्धनको आफ्नो प्रयासलाई निरन्तर गतिशिल बनाउने क्रियाकलाप जारी राख्नेछ ।

होटेलले आफ्नो उत्पादन र सेवाहरुको समसामयिक रुपमा यथोचित स्तरोन्नतिको माध्यमबाट आधुनिकिकरण एवं उपलब्ध अत्याधुनिक प्रविधिहरु अपनाउदै बजारमा आफ्नो उपस्थितिलाई सुदृढ पार्दै जाने कम्पनीको रणनीतिलाई निरन्तरता दिइ नै रहेको छ । स्तरवृद्धि तथा स्तरोन्नतिका परियोजनाहरुको कार्यान्वयन आवश्यकता र प्राथमिकता अनुसार होटेलको नियमित व्यावसायीक गतिविधिहरुको संचालनमा कुनै व्यवधान उत्पन्न नहुने गरी सुसम्पन्न गर्दै जाने कम्पनीको पुर्ननिर्माण गर्ने कार्ययोजना रहेको छ ।

कम्पनीले गत आर्थिक वर्ष काठमाण्डौं उपत्यका बाहिर होटेलको नाम, ख्याति तथा ब्राण्ड अर्न्तगत क्षेत्रीय स्तरमा अन्य तारे होटेलहरु सञ्चालन गर्ने व्यावसायीक रणनितिक निर्णय गरेको थियो । सोहि कार्ययोजना अनुसार कम्पनीको पूर्णस्वामित्व रहेको सोल्टी हस्पिटालिटि लिमिटेड नामको सहायक कम्पनी संस्थापना गरी सोल्टी हस्पिटालिटि र अन्य स्वदेशी कर्पोरेट लगानीकर्ताहरुसंगको सहकार्यमा संयुक्त लगानीको कम्पनी सोल्टी शिवक्रिम होटल्स तथा रिसोर्टस प्राईभेट लिमिटेड संस्थापना गरीएको छ । उक्त कम्पनीले अधिकतम तारे होटेल निर्माणार्थ नेपालगञ्ज र पोखरामा जग्गा खरिद गरी सकेको छ । होटेल निर्माण कार्य अर्न्तगत प्रथम चरणमा नेपालगञ्जमा एउटा चार तारे होटेल निर्माण गर्ने योजनालाई कार्यान्वयन गर्दै उक्त होटेल निर्माणको कार्य अगाडी बढी सकेको समेत जानकारी गराउनु भयो । त्यसै गरी, कम्पनीले लुम्बिनी लगायत देशका अन्य सम्भाब्य पर्यटकीय क्षेत्रहरुमा पनि आफ्नोको अन्वेषण तथा सम्भाब्यता अध्ययनको कार्य जारी राखेको छ ।

हिमाल इन्टरनेशनल पावर कर्प प्राइभेट लिमिटेडको माध्यमबाट कम्पनीको लगानी रहेको भोटेकोशी पावर कम्पनी प्राइभेट लिमिटेडको विद्युत उत्पादन गत २०७१ साल साउन १७ गते भोटेकोशीको जुरेमा गएको पैरोबाट भोटेकोशी नदी अबरुद्ध भएबाट विद्युत प्रसारण टावरहरु क्षतिग्रस्त भएको र सो विद्युत प्रसारण टावरहरु पुर्ननिर्माण गर्ने कार्यको क्रममा उत्पन्न समस्याका कारण विगत पांच महिना देखी विद्युत उत्पादन र प्रसारण बन्द रहेकोले आगामी वर्ष उक्त कम्पनीबाट प्राप्त हुने लाभांसमा समेत तात्वीक असर पर्ने सभालाई जानकारी गराउनु भयो ।

कम्पनीको संचालक समितिले आर्थिक वर्ष २०७०/७१ को मुनाफाबाट कम्पनीको चुक्ता पूंजीको १७.८९४७३६८४ प्रतिशत नगद लाभांश र ४० प्रतिशत बोनश शेयर शेयरधनी महानुभावहरुलाई प्रदान गर्न सिफारिश गरेको सहर्ष जानकारी गराउनु भयो । समग्रमा, शेयरधनी महानुभावहरुले लगभग ५७.८९ प्रतिशतका दरले लगानीको प्रतिफल प्राप्त गर्नु हुनेछ ।

कम्पनीको व्यावस्थापन, कर्मचारीहरु र तत्सम्बन्धी कर्मचारी संगठनहरु बीच अत्यन्त सुमधुर र सौहार्दपूर्ण सम्बन्ध रहेको छ । हामी होटेलका सम्पूर्ण कर्मचारीहरुको निपुर्णता, कार्यदक्षता, कार्यक्षमता र लगनशिलता प्रति पूर्ण विश्वस्त छौं र यसप्रति हामी गौरवान्वित पनि छौं ।

होटेलका व्यावस्थापक हलिडे इन्स (चाईना) लिमिटेड, हङ्गकङ्ग र इन्टरकन्टीनेन्टल होटेल्स ग्रुप तथा त्यसका उच्च पदस्त पदाधिकारीहरु वीच कम्पनीको अत्यन्त राम्रो, आत्मिय, सौहार्दपूर्ण र सुमधुर सम्बन्ध रहेको छ । होटेलका व्यवस्थापक हलिडे इन्स (चाईना) लिमिटेड, हङ्गकङ्ग र इन्टरकन्टीनेन्टल होटेल्स ग्रुप तथा त्यसका उच्च पदस्त पदाधिकारीहरुलाई कुशल व्यावस्थापन र कार्यसम्पादन सहित उच्च स्तरको सहकार्य प्रति संचालक समिति अभार व्यक्त गर्दै भविश्यमा पनि यसको निरन्तरताको अपेक्षा गर्दछ ।

सोल्टी होटल लिमिटेड
काठमाण्डौं

सोल्टी परिवारका सम्पूर्ण कर्मचारीहरुको उच्चस्तरको प्रतिवद्धता, समझदारी र व्यावस्थापन तथा कामदार कर्मचारीहरु बीचको सहकार्य, समन्वय एवं समर्थनको सराहना तथा प्रशंसा गर्दै कम्पनीको उन्नतिमा अरु थप हौसला तथा उच्च स्तरको सहयोग मिल्ने कुरा प्रति संचालक समिति विश्वस्त रहेको छ ।

सभापतिज्यूले शेयरधनी महानुभावहरुबाट कम्पनीलाई प्राप्त भएको अमूल्य सुझाव र सल्लाह प्रति कृतज्ञता ज्ञापन गर्दै शेयरधनी महानुभावहरुले कम्पनीको संचालक समिति र व्यावस्थापन प्रति देखाउनुभएको असिम विश्वास एवं भरोसा प्रति हृदय देखिनै धन्यवाद एवं आभार प्रकट गर्नुभयो ।

कम्पनीलाई निरन्तर सहयोग र संरक्षण प्रदान गर्नुहुने सम्पूर्ण स्वदेशी तथा विदेशी पाहुनाहरु, हामीलाई पाहुना उपलब्ध गराउनुहुने ट्राभल एजेन्सीहरु, एयरलाईन्सहरु, अन्य एजेन्सीहरु, हाम्रो परिकल्पना, योजना र आवश्यकता अनुरुप आधारभूत संरचनालाई साकार र सुनियोजित पार्नुहुने परियोजना परामर्शदाताहरु, आधारभूत संरचनालाई मूर्तरुप दिंदै आवश्यकता अनुसार सेवा उपलब्ध गराउनुहुने संरचना निर्माणकर्ताहरु, आपूर्तिकर्ताहरु, बैंक तथा वित्तीय संस्थाहरु, कानूनी सल्लाहकारहरु र परामर्शदाताहरु तथा अन्य सेवा प्रदायकहरुलाई संचालक समिति हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछ ।

अन्त्यमा अध्यक्षज्यूले, नेपाल सरकार, पर्यटन मंत्रालय तथा विभाग, उद्योग मन्त्रालय र कम्पनी रजिष्ट्रारको कार्यालय तथा उद्योग विभाग, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेंज, नेपाल धितोपत्र बोर्ड, सि डि एस कम्पनी लि. एवं अन्य सरकारी तथा नियमक निकायहरुबाट प्राप्त सहयोग, मार्गदर्शन र सम्पूर्ण कर्मचारीहरुले आफ्नो समर्पित सेवाबाट कम्पनीलाई पुर्‍याउँदै आउनु भएको निरन्तर महत्वपूर्ण योगदानका लागि आभार एवं धन्यवाद व्यक्त गर्नुभयो ।

## १० वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति

### (क) सामान्य प्रस्ताव

सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूको मन्तब्य पश्चात् उहाँले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार संचालक समितिको तर्फबाट शेयरधनी महानुभावहरुको सभा समक्ष छलफलको लागि निम्नलिखित प्रस्तावहरु प्रस्तुत गर्नुभयो:–

**१ निर्धारित छलफलको विषय सूची नम्बर (क) १ को प्रस्ताव**
**संचालक समितिको आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभापतिज्यूले पूर्व निर्धारित छलफलको बिषय सूची (क) १ अनुसार आर्थिक वर्ष २०७०/०७१(२०१३/१४) को संचालक समितिको वार्षिक प्रतिवेदन संचालक समितिको तर्फबाट छलफलको निम्ति सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**२ निर्धारित छलफलको विषय सूची नम्बर (क) २ को प्रस्ताव**
**लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन उपर छलफल गरी पारित गर्ने ।**

सभापतिज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७०/०७१(२०१३/१४) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचि सहितका आर्थिक विवरणहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

छलफलको विषय सूची अनुसार सभाको कार्यबाही अगाडि बढाउन आग्रह गर्दै उपरोक्त निर्धारित छलफलको विषय सूची नम्बर (क) १ र २ का छलफलका विषयको दुबै प्रस्तावहरु आर्थिक वर्ष २०७०/०७१(२०१३/१४) का सह:अस्तित्वका वार्षिक प्रतिवेदन र आर्थिक विवरणहरु भएकोले यी दुवै विषयहरुलाई एकै साथ संगसंगै छलफल गर्ने प्रस्ताव राख्दै आवश्यक छलफल तथा विचार विमर्शको निम्ति उपस्थित शेयरधनी महानुभावहरुलाई आह्वान गर्नुभयो ।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

## ११ छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०७०/०७१(२०१३/१४) को संचालक समितिको वार्षिक प्रतिवेदन, २०७१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७०/०७१(२०१३/१४) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचि सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तब्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नुभयो ।

तत्पश्चात् सभामा देहायका शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष सहभागी हुँदै आ–आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुभएको थियो । त्यसपछि, कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापतिज्यूले समग्र एवं सामुहिक रुपमा प्रत्युत्तर दिनुभएको थियो ।

### छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनी महानुभावहरु

छलफलमा सहभागी भई आ-आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुहुने शेयरधनी महानुभावहरुको विवरण सहितको नामावली तपसिल बमोजिम रहेको छ :–

| क्रम संख्या | शेयरधनी नम्बर | वक्ता शेयरधनीको नाम | धारण गरेको शेयर संख्या (प्रति शेयर रु. १० का दरको) |
|---|---|---|---|
| १ | २५१० | डा. माधव कुमार श्रेष्ठ | २६९ |
| २ | ३४३५ | श्री वैजुनाथ रौनियार | ३१७ |
| ३ | २२५० | श्री राम कृष्ण पन्त | १,५३६ |
| ४ | ५९९ | श्री गंजु बहादुर श्रेष्ठ | ६१३ |
| ५ | ३०२२ | श्री गौरव पाठक | ३६ |
| ६ | ३५३२ | श्री रोज कुमार श्रेष्ठ | १०० |
| ७ | २७४६ | श्री दशरथ रिसाल | ३,३९६ |

## १२ छलफलको क्रममा सहभागी शेयरधनी महानुभावहरुले सामुहिक रुपमा व्यक्त गर्नुभएको सुझाव, सराहना र मन्तब्य

१. मन्तब्य प्रकट गर्ने क्रममा वक्ता शेयरधनी महानुभावहरुले राम्रो कार्यसम्पादन सहित मुनाफा आर्जन गरि कम्पनीले आफ्ना शेयरधनीहरुलाई १७.८९ प्रतिशत नगद लाभांश र ४० प्रतिशत बोनस शेयर दिने प्रस्ताव गरेकोमा धन्यवाद दिनुभयो ।

२. मन्तब्य प्रकट गर्ने क्रममा वक्ता शेयरधनी महानुभावहरुले सोल्टी होटेलले यो वर्ष गत आर्थिक वर्ष २०६९/७० मा होटेल व्यवसाय मध्येबाट सबैभन्दा बढी आयकर दाखिला गर्ने होटेलको रुपमा सम्मानित भई सम्मानपत्र प्राप्त गरेकोमा कम्पनीका संचालक समिति, व्यवस्थापन समुह, होटेलका सम्पुर्ण कर्मचारीहरु एवं सम्वन्धित सवैलाई हार्दिक बधाई एवं धन्यवाद दिनुभयो ।

## १३ छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्न र सुझावहरुको प्रस्तुतीकरण

छलफलको क्रममा सहभागी बक्ता शेयरधनी महानुभावहरुले बुंदागत रुपमा निम्नलिखित मन्तव्य, जिज्ञाशा, एवं सुझावहरु सभा समक्ष व्यक्त गर्नुभएको थियो:–

१ <u>श्री डा. माधव कुमार श्रेष्ठ</u>

१.१ कम्पनीको संचालक समितिले आर्थिक वर्ष २०७०/७१ को मुनाफाबाट शेयरधनीहरुलाई १७.८९ प्रतिशत नगद लाभांश र ४० प्रतिशत बोनस शेयर दिने प्रास्ताव सराहनीय छ । समिक्षा आर्थिक वर्षमा राम्रो कार्यसम्पादन गरी

सोल्टी होटल लिमिटेड काठमाण्डौं

बैंक तथा वित्तिय कम्पनीहरुले भन्दा पनि राम्रो प्रतिफल प्रदान गर्नु भएकोमा कम्पनीको संचालक समिति तथा सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ।

१.२ सम्प्रेषित वार्षिक प्रतिवेदनलाई गत वर्षसंग तुलनात्मक विश्लेषण गर्दा होटेलको कार्यसम्पादन राम्रो देखिएको छ । कम्पनीको शेयर पुंजी आधारलाई बोनश शेयरबाट बृद्धि गर्दै जाने कम्पनीको अवधारणाले पूंजीगत खर्चको आवश्यकतालाई परिपूर्ति गर्न सघाउने देखिन्छ ।

१.३ प्रभावशाली नियामक निकाय, राजनीतिज्ञ अर्थव्यवस्था, प्रभावी सक्षम संचालक समिति, कुशल नेतृत्वदायी दक्ष्य कार्यकारी प्रमुख र तीक्ष्ण प्रखर बुद्धिमान प्रमुख वित्तीय अधिकारी, तथा शेयरधनी संरक्षण ऐनको उपस्थिति यी मूल पांच व्यावस्थापकीय कसौटीहरुको उचित समन्जस्य भएमा कम्पनीको प्रगती सुनिश्चित हुन्छ। यसतर्फ सदैव सजग रहनु होला ।

१.४ सोल्टी होटेल लिमिटेडले देशको कुल गार्हस्थ्य उत्पादनमा विगत पांच आर्थिक वर्षको अवधिमा कति प्रतिशतको योगदान गरेको छ, जानकारी दिनु पर्‍यो ।

१.५ डा. श्रेष्ठले संस्थागत सुशासन, पारदर्शिता, उत्तरदायित्व र जवाबदेहिताको सम्बन्धमा कम्पनीलाई आफ्ना सुझाव प्रस्तुत गर्दै त्यसप्रति संचालक समिति सदैव सजग रहनु पर्दछ भन्नु भयो ।

१.६ सोल्टी होटेल लिमिटेडमा शेयरधनी संरक्षण ऐनको व्यावस्था छ कि छैन ? शेयरधनी संरक्षण ऐन बनाउने तर्फ ध्यान दिनु पर्‍यो ।

१.७ कम्पनीमा आधुनिक प्रविधि तथा संचार सुविधाहरुको निरन्तरताको सम्बन्धमा के कस्तो व्यवस्था छ ? होटेलले सदैव आफ्नो होटेलसंग सम्बन्धित क्षेत्रमा के कस्ता आधुनिक प्रविधिहरु उपलब्ध रहेका छन त्यसको जानकारी राख्दै योजनाबद्ध रुपले ती प्रविधिहरुलाई अपनाउदै जानु पर्दछ ।

२ **श्री वैजुनाथ रौनियार**

२.१ कम्पनीको सहायक कम्पनी श्री एच आई सोल्टी होटेल कम्पनी प्राईभेट लिमिटेड, तथा श्री सोल्टी हस्पिटालिटी लिमिटेडले आफ्नो व्यावसायिक गतिविधिहरु हालसम्म सञ्चालन नगरेको भनी वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ सो सम्बन्धमा ती सहायक कम्पनीहरुले कहिले सम्ममा व्यावसायिक गतिविधिहरु संचालन गर्ने हुन् ।

२.२ कम्पनीले विगत केही आर्थिक वर्षहरु संग सम्बन्धित अन्तिम आयकर निर्धारण गर्दा कर निर्धारणमा चित्त नबुझेकोले सोको विरुद्ध श्री राजश्व न्यायाधीकरणमा पुनरावेदनको लागि मुद्दा दायर गरेको र सो चलिरहेको कुरा वार्षिक प्रतिवेदनमा उल्लेख गरेको सन्दर्भमा सो लाई छुट्टै समिति गठन गरी कर फछ्र्यौट गर्न सुझाव दिनु भयो ।

२.३ कम्पनीको लेखापरीक्षकको प्रतिवेदनमा कम्पनीले कर्मचारीहरुको संचित बिदाको दायित्व नगदको आधारमा लेखांकन गरिने हुंदा सो बापतको दायित्वलाई कम्पनीको हिसाबमा लेखांकन गरिएको छैन भनी उल्लेख गरेको बिषयमा प्रष्ट्याउनु पर्‍यो ।

अचल सम्पत्तिमा ह्रासको गणनाको हिसाब घट्दो बाँकी लागत प्रणाली विधिबाट आयकर ऐनले निर्धारित गरेका दरहरु अनुसार गणना गरिएको र सो नेपाल लेखापरीक्षणमानको व्यावस्थासंग मेल खांदैन भन्ने उल्लेख गरिएको तर्फ ध्यानाकर्षण गराउँदै आगामी आर्थिक वर्ष लेखापरीक्षकबाट यस किसिमको प्रकटीकरण नगरियोस् ।

संचालक समितिको प्रतिवेदनमा लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षकहरुबाट कुनै पनि कैफियत उल्लेख गरिएका छैन् भन्ने सन्दर्भ सामाग्रीलाई अर्को वर्ष सच्याउनु पर्दछ ।

२.४ कम्पनीबाट सम्प्रेषित वार्षिक प्रतिवेदनका वित्तीय झलकहरुलाई अघिल्लो आर्थिक वर्षहरुसंग तुलनात्मक विश्लेषण गर्दा कम्पनीको कुल आम्दानी बृद्धी भएको देखिन्छ सो अत्यन्त राम्रो हो तर संगसंगै होटेलको कुल खर्चहरु पनि त्यतिकै बढेका छन्, खर्चहरुलाई युक्तिसंगत तरिकाले घटाउने तर्फ पर्याप्त ध्यान जाओस भनि सुझाव दिनु भयो ।

२.५ दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को १८औं शिखर सम्मेलनको अवसरमा होटेलबाट उच्चकोटीको आतिथ्य सत्कार सेवा प्रदान गर्नु भएको जानकारी प्रशंसनीय छ सम्पूर्ण कर्मचारीहरु तथा कम्पनीका सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ।

सोल्टी होटल लिमिटेड काठमाडौं

## ३ श्री राम कृष्ण पन्त

३.१ सोल्टी होटेलका वर्तमान कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर विष्टज्यूको कुशल नेतृत्वमा कम्पनीले राम्रो प्रगति गरिरहेको छ भन्नु हुँदै कुनै समयमा कम्पनी घाटामा चलि रहेको अनुभव श्री पन्तले सभा समक्ष राख्नु भयो। वहांले संचालक समितिका सदस्यहरु तथा कार्यकारी अध्यक्षको अथक प्रयास, कुशल र सफल नेतृत्व, व्यावस्थापन समुह तथा सम्पूर्ण कर्मचारीहरु संगको समन्वयकारी भावनाबाट उत्प्रेरित भई सबैसंग सहकार्य गरी कार्य सम्पादन गर्ने कार्यशैली, सबैसंग सद्भाव र सहयोगको भावना राख्दै सरोकारवालाहरुसंग सहकार्य सहित अगाडी बढने स्वभाव तथा टिम स्प्रिटमा कार्य गर्न सफल हुनु भएकोले कार्यकारी अध्यक्ष, श्री विष्टज्यूको नेतृत्वमा कम्पनीको उत्तरोत्तर प्रगति भई रहेको छ भन्दै कम्पनीलाई अरु सफल बनाउन वहांलाई सफलता मिलोस् भनी हार्दिक शुभकामना दिनु भयो।

३.२ कम्पनीको संचालक समितिमा श्री डा. प्रभा बस्नेत, संचालक समितिका सदस्यको उपस्थिति रहेकोमा खुशी व्यक्त गर्दै कम्पनीलाई वहांको अनुभव तथा विज्ञताको फाईदा हुने नै छ भन्नु भयो।

समिक्षा आर्थिक वर्षमा राम्रो कार्य सम्पादन गर्नु भएकोमा कम्पनीका कार्यकारी अध्यक्ष, संचालक समितिका सदस्यहरु, व्यवस्थापन समुह, तथा होटेलका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिनु भयो।

३.३ सोल्टी होटेलले पूंजी निवेश योजना अर्न्तगत काठमाण्डौं उपत्यका बाहिर होटेलहरु सञ्चालन गर्ने व्यावसायीक रणनितिक निर्णय गरेकोमा यो राम्रो र स्वागत योग्य छ भन्दै प्रचुर पर्यटकीय सम्भावना रहेको पर्यटकीय गन्तब्य लुम्बिनीमा पनि होटेल संचालन गर्नेतर्फ योजना सहित अगाडी बढियोस् भन्नु भयो।

३.४ सोल्टी होटेलले आफ्नो आम्दानीको केही अंश संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य लगायतका सामाजिक कार्यहरुमा दान तथा सहयोग गर्नु पऱ्यो।

## ४ श्री गंजु बहादुर श्रेष्ठ

४.१ होटेलको भुतपूर्व कर्मचारी भएकोले ईमेल सहित ठेगाना होटेलका कर्मचारी साथिहरुलाई छोडेको भएतापनि यस वर्षको कम्पनीको वार्षिक प्रतिवेदन प्राप्त गर्न सकिएन किन होला ?

४.२ कम्पनीको व्यावसायीक मुनाफा आर्जनमा होटेलका कर्मचारीहरुको पनि महत्वपूर्ण योगदान रहेको हुन्छ त्यसैले कर्मचारीहरुलाई पनि कम्पनीको शेयर दिएमा होटेलको मुनाफा बढनेछ।

## ५ श्री गौरव पाठक

५.१ कम्पनीको वार्षिक प्रतिवेदन नेपाली र अग्रेजी दुबै भाषामा शेयरधनीहरुलाई उपलब्ध गराईयोस्।

५.२ वर्तमानमा कार्यालयहरु वातावरण मैत्री हुँदै जानु पर्दछ भन्ने कर्पोरेट परिवेशमा कम्पनी कागजी कार्य आधारबाट कागज रहित कार्य आधार तर्फ परिमार्जित हुँदै जानु पर्दछ। त्यसैले शेयरधनीहरुलाई वार्षिक प्रतिवेदन ईमेलबाट सम्प्रेषित गर्नु पऱ्यो।

## ६ श्री रोज कुमार श्रेष्ठ

६.१ सोल्टी होटेलले निरन्तररुपमा नगद लाभांश र बोनस शेयर दिदै आएको छ। यस वर्ष पनि कम्पनीका शेयर धनीहरुलाई १७.८९ प्रतिशत नगद लाभांश र ४० प्रतिशत बोनस शेयर दिने सराहनीय र प्रशंसनीय कार्य गरेको छ र हाम्रो कम्पनी शेयर बजारमा एउटा उदाहरणीय कम्पनीको रुपमा चर्चित छ ।

६.२ नेपालमा पर्याप्त मात्रामा चीनीयां पर्यटक भित्री रहेका छन। सोल्टी होटेलमा चीनीयां पर्यटकहरुको आगमन के कस्तो रहयो। पर्यटकीय दृष्टिले लुम्बीनी तथा मुस्तांग अत्यन्त सम्भाव्य भएका क्षेत्र रहेका छन्। लुम्बीनी र मुस्तांगलाई लक्षित गरी सोल्टी होटेलका शाखा होटेलहरु खोल्ने तर्फ पनि कम्पनीको ध्यान जानु पऱ्यो।

६.३ कम्पनीको वार्षिक प्रतिवेदन अत्यन्त पारदर्शी छ। बैंकिंग कम्पनीहरुले वार्षिक प्रतिवेदन कोठा सिस्टमबाट बक्समा छापेका हुन्छन् तर सोल्टी होटेलले कोठा सिस्टमबाट किन नछापेको त्यसले गर्दा पढ्न असजिलो भएको छ अर्को वर्ष देखि कोठा सिस्टममा बक्स बनाएर छाप्नु पऱ्यो।

सोल्टी होटल लिमिटेड काठमाण्डौं

**७ श्री दशरथ रिसाल**

७.१ सोल्टी होटेलले अन्य प्रतिस्पर्धी होटेलहरुसंग निकै ठुलो प्रतिस्पर्धा गर्नु पर्ने अवस्था आउँदैछ दह्रो भएर काम गर्नु पर्ने अवस्था आउँदै छ अतः सोहि अनुसारको पूर्व तयारी आवश्यक छ ।

७.२ सोल्टी होटेलको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उपस्थितिका लागि त्यहां रहेको विमानस्थल रेष्टूरां व्यावस्थापन गर्ने तर्फ कम्पनीको यथेष्ट ध्यान जानु पर्‍यो ।

७.३ पोखरा र नेपालगंजमा खुल्ने होटेलमा सोल्टी होटेलको लगानी मात्र २४ प्रतिशत रहेको छ। यो पर्याप्त छैन यसलाई बढाउनु पर्‍यो। सोल्टी हस्पिटालिटी मार्फत सोल्टी होटेलको नाम र ब्राण्ड प्रयोग गरे वापत कम्पनीले रोयल्टी पाउँछ की पाउँदैन ?

७.४ सोल्टी होटेलका कर्मचारीहरुमा राजनीति पनि घुसेको छ । कर्मचारीहरुले राजनीतिमा होइन काम गर्ने तर्फ ध्यान पुर्‍याउनु पर्‍यो । सबै क्यासिनो बन्द भएपछि होटेल परिसरमै रहेको क्यासिनोका कर्मचारीहरुको अवस्था बेहाल छ, एक पटक विचार गरौं ।

## १४ सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्ना मन्तब्य, जिज्ञाशा एवं सराहना प्रति आभार व्यक्त गर्दै, बक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नु भएको जिज्ञांशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले सामूहिक रुपमा देहाय बमोजिम उत्तर दिनुभयोः–

१४.१ शेयरधनी श्री डा. माधव कुमार श्रेष्ठज्यूले उठाउनु भएको शेयरधनी संरक्षण ऐन कम्पनीले बनाएको छ छैन भन्ने सन्दर्भमा यो बिषय कम्पनीको सार्मथ्यको कुरा होइन र ऐन बनाउन सक्ने कुरा पनि भएन । तथापि कम्पनीले शेयरधनीहरुको अधिकतम हित संरक्षण गर्ने हेतु संस्थागत सुशासन अर्न्तगत अपनाउनु पर्ने सम्पूर्ण अनुपालनाहरुको पालना गर्दछ। कम्पनीले शेयरधनीहरुको अधिकतम हितका लागि संस्थागत सुशासन, पारदर्शिता, उत्तरदायित्व र जवाबदेहीता, सजकता, जागरुकता, तथा तत्सम्बन्धी सबै अनुपालना प्रती सदैव चनाखो रही पालना गर्ने गर्दछ।

१४.२ होटेलमा आधुनिक प्रविधि तथा संचार सुविधाहरुको निरन्तरताको सम्बन्धमा होटेलमा अत्याधुनिक सुविधाहरु उपलब्ध रहेको छ । विश्वव्यापी रुपमा संचालित होटेलका व्यावस्थापक इन्टरकन्टीनेण्टल होटेल्स ग्रुप श्रृखला अन्तर्गतको यो पनि एउटा होटेल भएकोले अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको आधुनिक प्रविधि तथा संचार सुविधाहरुले भरिपूर्ण हुनु पर्दछ । सोल्टी होटेलको आफ्नै आधुनिकतम इन्टरनेट सुबिधा रहेको छ जुन धरैजसो होटेलहरुले बहालमा लिएका हुन्छन्। आधुनिक प्रविधि तथा संचार सुविधामा निश्चित रुपमा यहांहरुको होटेल सदैब अग्रपंक्तिमा रहेको छ ।

१४.३ सोल्टी होटल लि. को सहायक कम्पनीहरु श्री एच आई सोल्टी होटेल कम्पनी प्राईभेट लिमिटेड, तथा श्री सोल्टी हस्पिटालिटी लिमिटेडले आफ्ना व्यावसायिक गतिविधिहरु हालसम्म सञ्चालन नगरेको सम्बन्धमाः–

(क) एच आई सोल्टी होटेल कम्पनी प्राईभेट लिमिटेडको संस्थापना सोल्टी होटेल लि. र श्री हालिडे इन्स इन्भेष्टमेण्ट (नेपाल) लिमिटेडको संयुक्त लगानीको कम्पनीको रुपमा भएको हो जसले नेपालमा दुबै कम्पनी मिलेर पांच तारे होटेल खोल्ने र व्यावस्थापन कार्य गर्ने उद्देश्य राख्दछ ।

(ख) गत आर्थिक वर्ष काठमाण्डौं उपत्यका बाहिर कम्पनीको ट्रेडमार्क तथा ब्राण्ड अर्न्तगत होटेलहरु सञ्चालन गर्ने व्यावसायीक रणनितिक निर्णय अनुसार कम्पनिको पूर्णस्वामित्व रहेको सोल्टी हस्पिटालिटि लिमिटेडको संस्थापना भएको हो । सोल्टी हस्पिटालिटी लिमिटेडले अन्य स्वदेशी कर्पोरेट लगानीकर्ताहरुसंग सहकार्य गरी एउटा संयुक्त लगानीको अर्को कम्पनी सोल्टी शिवक्रिम होटेल्स तथा रिसोर्टस प्रा. लि. संस्थापना गरी सोमा लगानी गरेको छ । सोहि कम्पनी मार्फत नेपालगञ्ज र पोखरामा होटेल निर्माण गरी सञ्चालन गर्नका लागि क्रियाशिल छ । उक्त कम्पनी मार्फत कम्पनीले नेपालगञ्जमा चार तारे होटेल निमार्ण कार्यको शिलान्यास गरिसकेको तथा पोखराको खपौंदीमा पनि तारे होटेलको निर्माणको लागि जग्गा खरिद गरि सकेको छ ।

१४.४ आयकर निर्धारणमा चित्त नबुझी सोको विरुद्ध श्री राजश्व न्यायाधीकरणमा पुनरावेदनको लागि मुद्दा दायर गरेको सम्बन्धमा वास्तवमा कम्पनी पनि त्यतिकै सजग छ । कर सम्बन्धी विवादलाई सकेसम्म छिटो टुंग्याउनका लागि हामी प्रतिबद्ध छौं ।

१४.५ कर्मचारीहरुको संचित बिदाको दायित्व नगदको आधारमा लेखांकन गरिएको छ । वास्तवमा यो कम्पनीले २०औं

सोल्टी होटल लिमिटेड काठमाण्डौं

वर्ष देखि अभ्यास गरिरहेको लेखांकन निति हो । कम्पनीले संचित बिदाको दायित्व नगदको आधारमा लेखांकन गरेको छ जो स्वभावतः नेपाल लेखामानसंग मेल खादैन । संचित बिदाको दायित्वलाई अक्रुयलको अधारमा मुनाफाबाट छुट्याउने गरिएको छैन ।

१४.६ अचल सम्पत्तिमा ह्रासको गणनात्मक हिसाब घट्दो बाँकी लागत प्रणाली विधिबाट आयकर ऐन, २०५८ ले निर्धारित गरेका दरहरु अनुसार जुन आयकरले स्वीकृत गर्दछ त्यती मात्रै गणना गर्ने गरिएको छ, र यो नेपाल लेखापरीक्षणमानको सम्पत्तिको जिवनोपयोगिताको आधारमा गर्नुपर्ने व्यावस्थासंग मेल खाँदैन । यदि नेपाल लेखापरीक्षणमान अनुसार गर्ने हो भने ह्रासको लागि छुट्टै हिसाब किताब राख्नु पर्ने हुन्छ । यसबाट अनावश्यक कार्य थपिने हुन्छ जो व्यावहारमा खर्चिलो तथा उत्पादनशिलताको आधारमा उपयोगी देखिदैन ।

१४.७ कम्पनीको कुल आम्दानीमा बृद्धीका साथसाथै होटेलको कुल खर्चहरु पनि त्यतिकै बढेको छ खर्चहरुलाई युक्तिसंगत तरिकाले घटाउन दिनुभएको सुझाव राम्रो हो । वास्तवमा संचालक समिति, व्याास्थापन समुह र हाम्रा कर्मठ सम्पुर्ण कर्मचारीहरु सबैको ध्येय अनावश्यक खर्च कसरी कटौती गर्ने भन्ने तर्फ निरन्तर सजग भएको हामीले पाएका छौं । कम्पनीको खर्च घटाउनका लागिनै पुरानो प्रविधियुक्त मसिनहरुलाई आधुनिक प्रविधिका सुविधायुक्त मसिनहरुबाट प्रतिस्पादित गरिएको छ । यसमा व्यावस्थापन चुस्त दुरुस्त भई तदारुकताका साथमा निरन्तरको प्रक्रियामा लागि परेको छ । हामी सदैव खर्च कसरी युक्तिसंगत तरिकाबाट नियन्त्रण गर्ने भन्ने ध्येयमा रहन्छौं ।

१४.८ लुम्बीनीमा होटेल संचालन गर्ने सम्बन्धमा, लुम्बीनी कम्पनीको दीर्घकालिन लगानी सम्भाब्यता भएको पर्यटकीय क्षेत्र भित्र पर्दछ । कम्पनीले अत्यन्त नजदिकबाट विश्लेषण सहित नियाली हेर्दा तत्कालको लागि पूर्ण सम्भाव्यता नदखिएतापनि दीर्घकालमा लुम्बीनी पर्यटकीय हिसाबले विकसित हुने सम्बन्धमा कुनै दुबिधा छैन । हामीले अत्यन्त नजदिकबाट अध्ययन विश्लेषण गरी रहेका छौं । तत्कालका लागि कम्तिमा पनि जग्गा लिएर भविश्यका लागि सम्भाब्यता सुरक्षित पार्न सकिने अवस्था विद्यमान रहेको हाम्रो अध्ययनले देखाएकोले हतार गरी रहेका छैनौं । लुम्बीनी हाम्रो नजरमा छ ।

१४.९ सोल्टी होटेलले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक कार्यहरुमा आफ्नो सहभागीता जनाई नै रहेको छ । बागमती सफाई अभियानमा होटेलको सहभागिता रहेको छ । त्यस्तै होटेलबाट डिस्कार्ड गरिने लिने न आदी सरसामानहरु पनि सामाजिक सेवारत संस्था आदिलाई हामीले उपलब्ध गराउने गरेका छौं । प्रचार प्रसार गरेर अनुदान वा सामाजिक क्रियाकलाप गर्ने हामीले नगरेतापनि संस्थागत सामाजिक उत्तरदायित्व प्रति हाम्रो ध्यान गईनै रहेको हुन्छ । बहुजन हितार्थ गरिने दानमा कम्पनी पछी परको छैन पर्ने कुरा पनि हुदैन ।

१४.१० कम्पनीको वार्षिक प्रतिवेदन शेयरधनीहरुको हाथमा समयमानै पुगोस भन्ने हाम्रो ध्यय हुने गरेको छ । सदा जस्तै यस वर्ष पनि हामीले वार्षिक प्रतिवेदन अत्यन्त सजगतापुर्वक पुऱ्याउने गरेका हौं तथापि सम्बन्धीत शेयधनीसम्म नपुगेको गुनासोलाई हामीले हदै सम्म सम्बोधन गर्ने प्रयास गर्ने छौं ।

१४.११ कम्पनीका कर्मचारीहरुलाई शेयर दिने सम्बन्धी बिषय उठेको छ । कर्मचारीहरुलाई शेयर दिने सम्बन्धमा विभिन्न दृष्ठिकोणबाट अध्ययन गर्नं पर्ने हुन्छ । संचालक समिति स्तरमा विस्तृत अध्ययन तथा छलफलको आवश्यकता पर्दछ । निश्चित रुपमा हाम्रो ध्यानाकर्षण भएको छ । कम्पनीमा यो छलफलको बिषय भएतापनि यस सम्बन्धमा विस्तृत अध्ययन हुन बांकी छ ।

१४.१२ कम्पनीको वार्षिक प्रतिवेदन नेपाली र अग्रेजी दुबै भाषामा शेयरधनीहरुलाई उपलब्ध गराउने सम्बन्धमा बहुसंख्यक शेयरधनीहरुको लागि नेपाली भाषाको वार्षिक प्रतिवेदन तयार गरि पठाउने गरिन्छ र यो बैधानिकरुपमा पनि आवश्यक छ । वार्षिक प्रतिवेदन सबैले बुझ्ने भाषामा हुनु पर्दछ । यदि कुनै शेयरधनीलाई अग्रेजी वार्षिक प्रतिवेदन चाहिने भए कम्पनीमा जानकारी गराउनु होला हामीले उपलब्ध गराउने छौं । लागत संन्तुलनको हिसावले पनि नेपाली र अग्रेजी दुबै भाषामा सबै शेयरधनीहरुलाई वार्षिक प्रतिवेदन उपलब्ध गराउने कुरा सान्दर्भिक छैन ।

१४.१३ कार्यालयहरु वातावरण मैत्री हुदै कम्पनीको कार्यशैली कागजी आधारबाट कागज रहित कार्य सम्पानदतर्फ परिमार्जित हुँदै जानु पर्दछ भन्ने सुझाव राम्रो हो । वास्तवमा हामी प्रयासरत पनि छौं कतिपय अवस्थामा संचालक समितिका बैठकहरु सम्बन्धीत कागजातहरु ईमेलबाट नै पठाउने पनि गरिन्छ । यसमा कानुनी प्रावधानहरुलाई

सोल्टी होटल लिमिटेड
काठमाण्डौं

पनि हेर्नु पर्ने हुन्छ । शेयरधनीहरुलाई वार्षिक प्रतिवेदन ईमेलबाट सम्प्रेषित गर्ने सम्बन्धमा त्यति सजिलो भने छैन बैधानिकताको प्रश्न सहित सम्पूर्ण शेयर खरिद बिक्रि प्रणालीमा आधारभुतरुपमा सुधार नआए सम्म यो हुन सक्ने अवस्था देखिंदैन । शेयर खरीद बिक्रि लिखतको कागजलाई पुरा भर्न नचाहने अहिलेको अवस्थामा ईमेल सहितको लिखत आउला भन्न कठिन छ ।

१४.१४ चीनको पर्यटन बजारबाट होटेललाई उपलब्ध हुने पर्यटक पाहुनाहरुको आगमनको सम्बन्धमा निश्चितरुपमा होटेलमा चिनिया पर्यटकहरुको आगमन भई नै रहेको छ । यहांहरुको होटेलका व्यावस्थापक इन्टरकन्टीनेण्टल होटेल्स ग्रुपका चीनमा हाल २२७ होटेलहरु संचालित रहेका छन् र अरु थप १८६ होटेल खुल्ने क्रममा पाइपलाइनमा रहेकाले पनि हाम्रो होटेलले सोहि श्रृखलाको सहयोगबाट चिनिया पर्यटकहरुको आगमन बढाउन सक्ने अपेक्षा गर्न सकिन्छ । होटेलमा चीनको पर्यटन बजारबाट चिनिया पर्यटकहरुको आगमन सन्तोषजनक रहेको छ ।

१४.१५ मुस्तांगको पर्यटन सम्भाब्यताको सम्बन्धमा हाम्रो हेराईमा हाललाई त्यहां कुनै पर्यटकीय परिमाण नदेखिएतापनि भविश्यमा पर्यटन पूर्वाधारहरुको विकास हुँदै गएको खण्डमा त्यहां पनि हाम्रो ध्यान नजाने भन्ने छैन तर अहिले हाम्रो सोच छैन ।

१४.१६ कम्पनीको वार्षिक प्रतिवेदनका आर्थिक तथ्यांकहरुलाई कोठा सिस्टम अनुसार बक्समा छाप्ने सम्बन्धमा हामीले बिचार गर्नेछौं ।

१४.१७ यस होटेलले अन्य समकक्षी प्रतिस्पर्धी तथा नवोदित होटेलहरुसंग भविश्यमा निकै ठुलो प्रतिश्पर्धा गर्नुपर्ने अवस्थाको पूर्वानुमान गर्दै उक्त परिस्थितिको अनुशीलन गरी रहेका छौ । हामीले भविष्यमा हुन सक्ने नेपालको पर्यटन बजार प्रतिस्पर्धालाई अत्यन्त सूक्ष्म दृष्ठिले विश्लेषणविवेचन गर्दै सम्भाब्य बजारको अवस्था र स्थिति अनुसारको व्यवसायिक रणनिति अपनाउनु पर्ने हुन्छ ।

१४.१८ त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थलमा सोल्टी होटेलले विगत धेरै वर्ष पहिले रेष्टूरांको व्यावस्थापन गर्ने गर्दथ्यो अहिले किन त्यसतर्फ ध्यान नगएको भनी शेयरधनीमहानुभावले ध्यनाकर्षण गराउनु भएकोमा धन्यवाद छ । एयरपोर्ट रेष्टूरां संचालन गर्नेतर्फ हाम्रो ध्यानाकर्षित नभएको भने होइन । एयरपोर्ट रेष्टूरां संचालन आर्थिक रुपमा लाभदायक भएमा हामी अर्कोपटक त्यसतर्फ अवश्यपनि पुनर्विचार गर्न सक्दछौं । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हाम्रो उपस्थिति एल.एस.जि. स्काई सेफ यूनिटको फ्लाईट केटरिंग सेवा प्रदायककोरुपमा कायमै रहेको छ ।

१४.१९ सोल्टी शिवक्रिम होटेल्स तथा रिसोर्टस प्राइभेट लिमिटेडमा सोल्टी होटेलको लगानी २४ प्रतिशतबाट बढाउनु पर्दछ भन्ने सम्बन्धमा हामीले कम्पनीको विद्यमान नगद प्रवाहको अवस्थालाई पनि ध्यान दिनु पर्दछ । होटेलका उत्पादन तथा सेवाहरुलाई निरन्तररुपमा स्तरोन्नती गर्दै सेवा सुविधाहरुको आधुनिकिकरण गर्दै जानु पर्ने हुन्छ । कार्यान्वयन भईरहेको हिमालय विङ्ग ब्लकको स्तरोन्नती, कार्यान्वयनको लागि प्रतिक्षारत मेघा मल्हार सम्मेलन कक्षको स्तरोन्नती, होटेलको मुख्य प्रवेश लबीको स्तरोन्नति, बाह्य प्रीतिभोज व्यवस्थापनका लागि रोजगार्डेन पगोडा शेड आदि योजनाहरु पर्खाईमा रहेकाछन जसलाई चरणबद्धरुपमा अगाडी बढाईने योजना रहेको छ । यसका लागि पर्याप्त वित्तीय श्रोत आवश्यक पर्दछ । हामीले मातृसंस्था यस होटेललाई नजरअन्दाज गर्न सक्दैनौं । त्यसैले उक्त कम्पनीमा सोल्टी होटेलको पूंजी निवेश सिमित रहन गएको हो । कम्पनीसंग उपलब्ध वित्तीय श्रोतको वैज्ञानिक तथा यथोचित विनियोजन गरिएको मात्रै हो ।

सोल्टी हस्पीटालिटी मार्फत सोल्टी होटेलको ख्याति, नाम र ब्राण्ड प्रयोग गरे बापत सम्बन्धित होटेलहरुबाट सोल्टी होटेलले रोयल्टी पाउने व्यावस्था गरिनेछ ।

सभापतिज्यूले शेयरधनी महानुभावहरुको जिज्ञांशा र प्रश्नहरुको प्रत्युत्तर दिनु भए पश्चात् सभा समक्ष छलफलको निर्धारित विषय सूचीका प्रस्तावहरु प्रस्तुत गर्नुभयो ।

## १५ सभाको निर्णय

**(क) सामान्य प्रस्ताव**

**१ निर्धारित विषय सूची (क) १ अनुरुप संचालक समितिको आर्थिक वर्ष २०७०/७१ (२०१३/१४) को वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सोल्टी होटल लिमिटेड काठमाण्डौं

निर्धारित छलफलको विषय सूचि नम्बर (क) १ अनुरुप संचालक समितिको आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को वार्षिक प्रतिवेदन उपरको छलफल पश्चात् सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सो प्रतिवेदन पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नुभएकोमा सभाले सर्बसम्मतिबाट संचालक समितिको आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को वार्षिक प्रतिवेदन पारित गऱ्यो ।

२ **निर्धारित विषय सूची (क) २ अनुरुप लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७०/७१ (२०१३/१४) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन उपर छलफल गरि पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क) २ अनुरुप लेखापरीक्षकहरुको प्रतिवेदन सहितको ३२ आषाढ २०७१ को वासलात र सोहि मितिमा समाप्त भएको आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), पूंजीमा (ईक्वीटी) भएको परिवर्तन सम्बन्धी विवरण र नगद प्रवाह विवरणहरु पारित गरियोस् भनी सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लिखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गऱ्यो ।

३ **निर्धारित विषय सूची (क) ३ अनुरुप संचालक समितिले आर्थिक वर्ष २०७०/७१ (२०१३/१४) को नाफाबाट शेयरधनी महानुभावहरुलाई १७.८९४७३६८४ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्न गरेको प्रस्तावलाई छलफल गरि पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क) ३ बमोजिम संचालक समितिले आर्थिक वर्ष २०७०/०७१ (२०१३/१४) को मुनाफाबाट लिन मञ्जुर तथा चुक्ता पूँजीको १७.८९४७३६८४ प्रतिशत अर्थात रु. १७.८९४७३६८४ प्रति साधारण शेयरका (रु. १० दरको) दरले कम्पनीका शेयरधनी महानुभावहरुलाई नगद लाभांश प्रदान गर्न गरेको प्रस्तावलाई स्विकृतिको लागि सभापतिज्यूले सभा समक्ष प्रस्ताव प्रस्तुत गर्नु हुंदा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गऱ्यो ।

४ **निर्धारित विषय सूची (क) ४ अनुरुप कम्पनीको लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को लागि कम्पनीको लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क) ४ अनुरुप आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को लागि कम्पनीको लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम कम्पनीको लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिको सिफारिश बमोजिम श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस् काठमाण्डौंलाई आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) का लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक रु. ३६३,०००/- (अक्षेरुपी तिन लाख त्रिसठ्ठी हजार मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) दिने गरी कम्पनीको बैधानिक तथा कर लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावलाई ४०औं वार्षिक साधारण सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

यसपूर्व, सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले लेखापरीक्षण समितिका अध्यक्ष एवं संचालक श्री रवि भक्त श्रेष्ठज्यूलाई यस बिषयको सम्बन्धमा लेखापरीक्षण समितिको तर्फबाट सिफारिश प्रस्तुत गर्न अनुरोध गर्नु हुंदा श्री रवि भक्त श्रेष्ठज्यूले सभा समक्ष लेखासमितिको सिफारिश प्रस्तुत गर्नु भयो ।

सभापतिज्यूको अनुमतिले, श्री रवि भक्त श्रेष्ठज्यूले कम्पनीका वर्तमान वैधानिक लेखापरीक्षक श्री टी आर उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस् काठमाण्डौंको ४०औं वार्षिक साधारण सभा सम्पन्न भए पश्चात् कार्यकाल समाप्त भएको तथा लेखापरीक्षक श्री टी आर उपाध्या एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्को कार्यकाल लगातार तीन वर्ष पुगिसकेकोले कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा ३ को प्रावधान बमोजिम वहांहरुको पुर्ननियुक्ति हुन नसक्ने कानुनी प्रावधान रहेको शेयरधनी महानुभावहरु समक्ष जानकारी गराउनु भयो ।

श्री रवि भक्त श्रेष्ठज्यूले आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्त

सोल्टी होटल लिमिटेड काठमाण्डौं

गर्ने सम्बन्धमा होटेल व्यावस्थापक श्री होलिडे इन्स (चाईना) लिमिटेड हङ्गकङ्गसंग भएको होटेल व्यावस्थापन सम्झौतामा (Hotel Management Agreement) लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धी भएको व्यवस्था समेतको अनुपालना गर्दै शीर्ष पांच अन्तर्राष्ट्रिय स्तरको लेखापरीक्षक संस्थासंग सम्बद्ध वा एसोसिएट भई मान्यता प्राप्त रहेको लेखापरीक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस् (Joshi & Bhandary, Chartered Accountants) काठमाण्डौंलाई आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को लागि कम्पनीको वैधानिक लेखापरीक्षक नियुक्त गर्न सिफारिस गर्ने लेखापरीक्षण समितिको सर्वसम्मत निर्णय भए बमोजिम कम्पनीको यस ४०औं वार्षिक साधारण सभाबाट श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस्लाई आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को लागि वैधानिक लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभाबाट पारित गरियोस् भनी राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

त्यसैगरी सभापतिज्यूको अनुमतिले, लेखापरीक्षण समितिका अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले लेखापरीक्षकको पारिश्रमिकको सम्बन्धमा लेखापरीक्षण समितिले आर्थिक वर्ष २०७१/०७२ (२०१४/१५) को लागि कम्पनीको बैधानिक लेखापरीक्षण (Statutory Audit) र कर लेखापरीक्षण (Tax Audit) दुवै लेखापरीक्षण गर्नको लागि मुल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक रु. ३६३,०००/- पारिश्रमिक (लेखापरीक्षण शुल्क) निर्धारण गर्ने सिफारिस गरेको हुंदा सोहि बमोजिम यस ४०औं वार्षिक साधारण सभाबाट सो प्रस्ताव पारित गरियोस भनी राख्नु भएको प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**५ निर्धारित विषय सूची (क) ५ अनुरुप कम्पनीको संचालक समितिबाट सिफारिश भए बमोजिम कार्यकारी अध्यक्षको पारिश्रमिक तथा सुविधाहरु पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क) ५ बमोजिम संचालक समितिबाट कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरु स्वीकृत गर्ने प्रस्तावको सम्बन्धमा सभाको सभापतित्व गरिरहनु भएका सभाका सभापति एवं कम्पनीका कार्यकारी अध्यक्ष श्री बिष्टज्यूसंग प्रत्यक्ष सम्बन्धित रहेको र निजि सरोकारको बिषय भएकोले श्री बिष्टज्यूले यस विषयको छलफलमा भाग नलिनु हुने जानकारी सभालाई गराउनु भयो ।

तत्पश्चात्, सभापतिज्यूले छलफलको यो विषयलाई संचालन गर्नको लागि संचालक समितिका सदस्य एवं संचालक समितिको पारिश्रमिक पुर्नविचार समितिका संयोजक श्री रवि भक्त श्रेष्ठज्यूलाई हार्दिक अनुरोध गर्नुभयो । सभाका सभापति एवं कम्पनीका कार्यकारी अध्यक्ष श्री बिष्टज्यू छलफलको यो विषयमा सहभागी हुनु भएन ।

सभापतिको अनुमतिले, संचालक समितिका सदस्य श्री रवि भक्त श्रेष्ठज्यूले छलफलको यो विषयलाई संचालन गर्नु हुंदै, कम्पनीका कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरुको पुनरावलोकन सम्बन्धमा अध्ययन गरी ४०औं वार्षिक साधारण सभाबाट स्विकृतिका लागि कम्पनीको संचालक समितिको मिति २०७१ आषाढ २७ गते तद्नुसार ११ जुलाई २०१४ का दिन बसेको १९४औं बैठकले कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरुको पुनरावलोकन सहित पुर्ननिधारण गरि वहांको पारिश्रमिक तथा सुविधाहरुको संचालक समिति समक्ष आवश्यक सिफारिश गर्नको निम्ति कम्पनीको कार्यसंचालन तथा व्यवस्थापनमा संलग्न नरहनु भएको संचालक समितिका सदस्यहरु, संचालक श्री रवि भक्त श्रेष्ठको संयोजकत्वमा संचालक, श्री शशिराज पाण्डे, संचालक, श्री विजय बहादुर श्रेष्ठ र संचालक, श्री निरन्जन कुमार टिवरेवाला रहनु भएको एक चार सदस्यीय संचालक समितिको उपसमिति पारिश्रमिक पुर्नविचार समिति गठन गरेको जानकारी गराउनु भयो ।

श्री रवि भक्त श्रेष्ठज्यूले कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक निर्धारण पछिल्लो पटक २०६७ साल पौष १ (१६ दिसम्बर २०१०) गते बसेको ३६औं वार्षिक साधारण सभाबाट भएको र त्यसपछि, वहांको पारिश्रमिक र सुविधाहरुमा गत ४ वर्ष देखि कुनै पनि वृद्धि नभएको सभालाई जानकारी गराउनु भयो । कम्पनीका अधिकृत लगायत सबै कर्मचारीहरुले वार्षिक वृद्धि पाउने परिपेक्ष्यमा वहांको तलब वृद्धिका साथ साथै समयानुसार कार्यकारी अध्यक्ष पद अनुसारको पारिश्रमिक तथा सुविधाहरु हुनुपर्ने हुंदा उप समितिले कम्पनीका

सोल्टी होटल लिमिटेड काठमाण्डौं

कार्यकारी अध्यक्षको पारिश्रमिक तथा सुविधाहरुको पुर्ननिर्धारण सम्बन्धमा बिस्तृत र बिश्लेषणात्मक अध्ययन गरेको थियो ।

सिफारिश गर्दा मुख्यतः विगत चार आर्थिक वर्ष २०६७/६८ देखि २०७०/७१ सम्म सोल्टी होटेलका अधिकृत तहका कर्मचारीहरुलाई पारिश्रमिक अन्तर्गत तलब, भत्ता तथा सुविधाहरुमा भएको बार्षिक नियमित बृद्धि दर; तथा सम्बन्धित आर्थिक वर्षहरुमा नेपाल राष्ट्र बैंक र नेपाल सरकारले प्रतिवेदन वा प्रकाशित गरे अनुसार विगत चार आर्थिक वर्षको अवधिमा मुलुकमा विद्यमान मुद्रा स्फितिको दरलाई समेत आधार बनाईएको उल्लेख गर्नु भयो ।

समग्रमा, श्री रवि भक्त श्रेष्ठज्यूले कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूको सबल र सुदृढ नेतृत्वमा यस कम्पनीले निरन्तर रुपमा उल्लेख्य प्रगति गरी रहेको भन्नु हुदै व्यावस्थापनमा आई पर्ने विविध व्यवधानहरुको वाबजूद पनि कम्पनीको अन्तिम मुनाफामा महत्वपूर्ण अभिबृद्धि भईनै रहेको कम्पनीको वित्तिय विवरणहरुबाट प्रष्ट भएको छ भन्नु भयो ।

कम्पनीको संचालक समितिले पारिश्रमिक पुर्नविचार समितिको सिफारिश उपर विस्तृत छलफल तथा बिचार बिमर्श पश्चात् कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधा पुनरावलोकन सम्बन्धि प्रस्तावलाई मिति २०७१ पौष १४ गते तद्नुसार २९ दिसम्बर २०१४ का दिन बसेको संचालक समितिको १९७औं बैठकले २०७१ श्रावण १ गते तदनुसार १७ जुलाई २०१४ देखि लागू हुने गरी तीन वर्षका लागि कम्पनीको ४०औं वार्षिक साधारण सभाबाट स्विकृतिको लागि प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मतिबाट गरे बमोजिम प्रस्तुत प्रस्तावलाई स्वीकृति प्रदान गर्नको लागि सभा समक्ष देहाय बमोजिमको साधारण प्रस्ताव पेश गर्नु भयोः–

कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरुः

| | | |
|---|---|---|
| A. | EMOLUMENTS | Rs. |
| | SALARY SHEET | |
| | Basic Salary | 2,25,000 |
| | Allowances | 1,50,000 |
| | TOTAL | 3,75,000 Per month |
| | Additional Effect | |
| | 10% Provident Fund | 22,500 Per month |

B. BENEFITS

1. Rs. 50,000 per month as maintenance expenses in lieu of accommodation.
2. Resident's electricity, telephone both Landline as well as mobile, internet, water supplies to be paid on actual.
3. Car facility with Driver. The car used by the Executive Chairman (EC) shall be changed every five years. Once EC ceases to be part of BOD after completion of his tenure, the car thus used by him shall be transferred to him for his personal use in recognition of his long Service to the Board.
4. Membership (Annual)
   a) The Institute of Chartered Accountants of Nepal and India
5. Medical insurance policy for self, spouse, and dependent children insurance premium not exceeding Rs. 25,000 per annum.
6. Business Entertainment as required.
7. Free Laundry facilities with family not exceeding Rs 24,000 per annum
8. Travelling – to attend 4 (Four) International Conferences with spouse with due information to the Board of Directors and other duty tours as required.
9. LTA with spouse and children once a year not exceeding Rs. 5,00,000
10. Food Allowance of Rs 50,000 per month

सोल्टी होटल लिमिटेड काठमाण्डौं

11. Yearly Performance Allowance of 1.5% of the Profit Before Tax (PBT) of the Company from the financial year of 2014-2015 (2071/72) in lieu of existing monthly performance allowance for a Profit Before Tax up to Rs. 40 crores.

    For a Profit Before Tax above Rs. 40 crores performance allowance will be 0.5% for an additional increase of the Profit Before Tax of the Company.
    In case the Profit Before Tax goes below Rs 40 Crores due to the addition of extra rooms in the hotel and its impact due to debt servicing, the Board shall appropriately review the package.
12. Gratuity, Bonus, and Service Charge amount shall be made available to him as per the rule and regulations of the company and the prevailing laws of Nepal.

श्री रवि भक्त श्रेष्ठज्यूले कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरु सम्बन्धी उपरोक्त प्रस्तावलाई मिति २०७१ श्रावण १ गते तदनुसार १७ जुलाई २०१४ देखि लागू हुने गरी तीन वर्षका लागि ४०औं वार्षिक साधारण सभाबाट स्विकृत गरी पारित गर्नको लागि सभा समक्ष प्रस्ताव पेश गर्नु हुंदा सभाले प्रस्ताव गरे बमोजिमको कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको पारिश्रमिक तथा सुविधाहरुको प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गर्‍यो ।

**६. निर्धारित विषय सूची (क) ६ अनुरुप कम्पनीका संचालक समितिबाट सिफारिश भए बमोजिम संचालक समितिका सदस्यहरुको बैठक भत्ता बृद्धि गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्ने ।**

निर्धारित छलफलको विषय सूची नम्बर (क) ६ कम्पनीको ४०औं वार्षिक साधारण समक्ष प्रस्तुत गर्नु हुँदै कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले २०६६ साल पौष २ गते तद्नुसार १७ दिसम्बर २००९ मा बसेको कम्पनीको ३५औं वार्षिक साधारण सभाले संचालकहरुको बैठक भत्ता आयकर कट्टी पश्चात् (Net of Income Tax) खुद रु. १०,०००/- प्रति उपस्थित बैठक प्रति संचालक सदस्य हुने गरी प्रस्ताव पारित गरेको थियो । तत्पश्चात् विगत पाँच वर्ष देखि बैठक भत्तामा कुनै परिवर्तन नभएको सभालाई जानकारी गराउनु भयो ।

विगत ५ वर्ष देखि संचालक समितिका सदस्यहरुले पाउने बैठक भत्तामा कुनै पनि पुनरावलोकन नभएको, कम्पनीको कार्य प्रगति र संचालकज्यूहरुले कम्पनी संचालनमा पुर्‍याउँदै आउनु भएको उल्लेख्य योगदान, मूल्य वृद्धि, कम्पनीको प्रतिष्ठा एवं स्तर, व्यवसायीक परामर्शका लागि गरिने अध्ययन र कम्पनीको व्यवसाय प्रबर्द्धन तथा व्यावसायिक निति निर्धारणमा संचालक समितिका सदस्यहरुबाट प्राप्त हुने महत्वपूर्ण परामर्श, वहांहरुको भुमिका, समय एवं प्राप्त परामर्शसेवा आदिको कदर, सबै तथ्यहरु प्रति विचार गरी संचालक समिति तथा त्यसको उप समितिहरुको बैठकमा उपस्थित भएबापत संचालक समितिका सदस्यहरु तथा उप समितिमा रहनु हुने संचालक समितिका सदस्यहरुको बैठक भत्ता वृद्धि हुन आवश्यक देखिएको विषय उल्लेख गर्नु भयो ।

कम्पनीको संचालक समिति तथा त्यसका उप समितिहरुको प्रत्येक बैठकमा उपस्थित भए बापत संचालक समितिका सदस्यहरु तथा उप समितिमा रहनु हुने संचालक समितिका सदस्यहरुले पाउने हालको साबिक बैठक भत्ता कर कट्टी पश्चात् खुद रु. १०,०००/- बाट वृद्धि गरी कर कट्टी पश्चात् (Net of Income Tax) खुद रु. १५,०००/- हुने गरी संचालक समितिको मिति २०७१ पौष १४ गते तदनुसार २९ दिसम्बर २०१४ का दिन बसेको संचालक समितिको १९७औं बैठकले सर्वसम्मतबाट निर्णय गरी कम्पनीको ४०औं वार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्ने निर्णय भए बमोजिम संचालक समितिका सदस्यहरु तथा उप समितिमा रहनु हुने संचालक समितिका सदस्यहरुको बैठक भत्ता वृद्धि गर्नका लागि शेयरधनीहरुको ४०औं वार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्नु भयो ।

सभापतिज्यूले संचालक समितिका सदस्यहरु तथा उप समितिमा रहनु हुने संचालक समितिका सदस्यहरु कम्पनीको संचालक समिति तथा उप समितिहरुको प्रत्येक बैठकमा उपस्थित भए बापत प्रति बैठक प्रति सदस्य हालको बैठक भत्तालाई वृद्धि गरी कर कट्टी पश्चात् (Net of Income Tax) खुद रु. १५,०००/- गर्ने सम्बन्धी

सोल्टी होटल लिमिटेड काठमाडौं

प्रस्तावलाई अर्को निर्णय नभए सम्म तत्कालै देखि (अर्थात २०७१ पौष २८ गते तदनुसार १२ जनवरी २०१५ देखि) लागू हुने गरी ४०औं वार्षिक साधारण सभाको स्विकृतिको लागि सभा समक्ष पेश गर्नु हुंदा सभाले प्रस्ताव गरे बमोजिमको प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो ।

**(ख) विशेष प्रस्ताव**

**७. निर्धारित छलफलको विषय सूची (ख) ७ अनुरुप कम्पनीको संचालक समितिबाट प्रस्ताव गरिए बमोजिम शेयरधनी महानुभावहरुलाई ४० प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक ५ कित्ता चुक्ता शेयर बराबर २ कित्ताका दरले बोनश शेयर वितरण गर्ने विशेष प्रस्ताव पारित गर्ने र सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूंजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।**

सभाका सभापतिज्यूले निर्धारित छलफलको विषय सूची नम्बर (ख) ७ बमोजिम संचालक समितिले आर्थिक वर्ष २०७०/०७१ को मुनाफाबाट चुक्ता पूँजीको ४० प्रतिशत अर्थात कम्पनीको प्रति ५ कित्ता चुक्ता शेयर बराबर २ कित्ता शेयरका दरले बोनश शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नु हुंदा सभाले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई ४० प्रतिशत बोनस शेयर वितरण गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गऱ्यो ।

उपरोक्त अनुसार बोनश शेयर जारी गर्दा, कम्पनीले विगत देखि अपनाउँदै आएको निति अनुसार ०.५० देखि ०.९ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीबाट बांकी शेयर बराबरको अंकित मुल्य लिई १ कित्ता शेयर दिने र ०.१ देखि ०.४ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीहरुलाई भिन्न अंकको लागि शेयरको अंकित मुल्य बराबरको बांकी रकम नगद फिर्ता दिइनेछ ।

**(ग) विविध**

**८. विविधः अध्यक्षको अनुमति अनुसार**

निर्धारित छलफलको विषय सूची (ग) ८ बमोजिम सभापतिज्यूको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय थिएन । सभापतिज्यूले सभालाई छलफलको यो विषय सूचीसंग सम्बन्धित कुनै पनि बिषय नभएको जानकारी दिनुभयो ।

## १६ धन्यवाद ज्ञापन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभापति महोदयले समस्त शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागि हुनुभई उहांहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएको, कार्यसम्पादन प्रति सराहना एवं ४०औं वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सुसम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा सम्बन्धित सबैलाई हार्दिक धन्यवाद तथा आभार प्रकट गर्नुभयो ।

## १७ सभा विसर्जन

अन्त्यमा, सभामा छलफलको विषय सकिएकोले सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले दिउसो १.०० बजे कम्पनीको ४०औं वार्षिक साधारण सभाको काम कारबाही विसर्जन भएको घोषणा गर्नु भयो ।

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष/ सभाका सभापति**

सोल्टी होटल लिमिटेड
काठमाण्डौं




Soaltee Hotel Limited

★ ★ ★ ★ ★

पोष्ट बक्स नं. ३८००, ताहाचल,
काठमाण्डौं, नेपाल ।
फोन नं. ९७७–१–४२७३९९९
फ्याक्स नं. ९७७–१–४२७२२०१/४२७२२०६
ईमेल : shl@soaltee.com.np

# Book Post

**शेयरधनीको ठेगाना**

| |
|---|
| |

**If undelivered, please return to:-**


पोष्ट बक्स नं. ३८००, ताहाचल,
काठमाण्डौं, नेपाल ।
फोन नं. ९७७–१–४२७३९९९
फ्याक्स नं. ९७७–१–४२७२२०१/४२७२२०६
ईमेल : shl@soaltee.com.np